सुदूरपश्चिम प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

# प्रादेशिक आयुर्वेद चिकित्सालय

धनगढी, कैलाली

## चमेनागृह सञ्चालन सम्बन्धी प्रस्ताव आव्हानको सूचना

## (प्रथम पटक प्रकाशित मिति २०८०।०८।२०)

यस कार्यालय परिसरमा निर्मित चमेनागृह भवनमा कार्यालयका पदाधिकारी, कर्मचारी लगायत सेवाग्राहीहरुलाई तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही खाजा/खाना उपलब्ध गराउने गरी चमेनागृह सञ्चालन गर्नुपर्ने भएको हुँदा ईच्छुक फर्मबाट शिलबन्दी प्रस्ताव आव्हान गरिन्छ।

शर्तहरुः

- चमेनागृह सञ्चालनको प्रास्ताव पाइने स्थान र दस्तुरः- प्रादेशिक आयुर्वेद चिकित्सायलको प्रशासन शाखाबाट रु ५,००।० (पाँच सय) तिरी प्रमाणित प्रस्ताव खरिद गर्न सकिने छ ।
- प्रस्ताव दर्ता गर्ने अन्तिम मिति र खोलिने मितिः- मिति २०८०।०९।०४ गते कार्यालय समय भित्र आवश्यक कागजात सहित शिलबन्दी गरी दर्ता गर्नु पर्नेछ साथै मिति २०८०।०९।०५ गते दिनको १२ बजे रीतपुर्वक पेश भई दर्ता भएका प्रस्ताव प्रस्तावकर्ताको प्रतिनिधि र कार्यालयका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तोकिएको समयमा प्रस्तावकर्ताको प्रतिनिधि उपस्थित नभएको खण्डमा पनी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
- आवश्यक कागजातः फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाण पत्र, आ.व. २०७९।०८० को करचुक्ताको प्रमाणपत्र तथा फर्म संचालकको नागरिकताको प्रतिलिपि ।
- प्रस्ताव रकम अंक र अक्षरमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
- चमेनागृह सञ्चालन अवधि सम्झौता भएको मिति देखि २०८१ आषाढ मसान्त सम्म हुनेछ ।
- प्रस्ताव स्वीकृत भए पछि सञ्चालकले सम्झौता गर्नु अघि यस कार्यालयमा रु २०,०००/- (अक्षेरुपी बिस हजार)मात्र धरौटी राख्नुपर्नेछ।
- चमेनागृह सञ्चालनको लागि सम्झौता भई सम्झौताको अवधि समाप्त हुनु अगावै कार्यालयको स्वीकृति वेगर सेवाबन्द गरेमा वा सम्झौता विपरित कार्य गरेको ठहर भई सम्झौता रद्द भएमा धरौटी जफत हुनेछ ।
- सरसफाईजन्य पानी कार्यालयले निशुल्क उपलब्ध गराउनेछ र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।
- चमेनागृहबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरपरको सरसफाई स्थितिका बारेमा निरन्तर अनुगमन हुने तथा पूर्वनिर्धारित स्तरको सेवा प्रवाह सन्तोषजनक भएको नपाईएमा जुनसुकै बखत कार्यालयले सम्झौता शर्त मुताविक आवश्यक कारवाही गर्न सक्नेछ ।
- चमेनागृहमा सूर्तिजन्य तथा मदिराजन्य पदार्थ बिक्रि वितरण तथा उपभोग गर्न पाईने छैन ।
- स्वीकृत परिकार लिष्ट बाहेक आवश्यकता अनुसार कार्यालयको स्वीकृती लिइ सञ्चालकले खाजा/ खानाको परिकार थप गर्न सक्नेछ ।
- अन्य कुरा सम्झौता बमोजिम हुनेछ ।

निमित्त मेडिकल सुपरिटेन्डेंण्ट

नि. मेडिकल सुपरिटेण्डेण्ट